नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभागको**

# काठमाडौं उपत्यकाव्यापी उच्च मा.वि.स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

२०७५ मंसिर १ गते आयोजना हुने सातौं राष्ट्रिय कर दिवसको अवसरमा विभागबाट उपत्यका स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको छ । उक्त प्रतियोगितामा काठमाडौं उपत्यका भित्रका ९ देखि १२ कक्षा अध्ययन गर्ने विद्यार्थीहरू सहभागी हुन सक्नेछन् । प्रतियोगिताका लागि तीन शीर्षकहरू: १) **"समृद्ध नेपाल निर्माणमा करको महत्व"** २) **"कर परिपालनामा करदाताको भूमिका"** ३) **"कर र नागरिक"** तोकिएको छ । यी तीन शीर्षकहरूमध्ये प्रतियोगिता हुने दिन विभागले तोकेको कुनै एक शीर्षकमा नेपाली वा अङ्ग्रेजी भाषामा निबन्ध लेख्नु पर्नेछ । निबन्ध प्रतियोगिता मिति २०७५ कार्तिक २६ गते दिनको ठीक ११:०० बजे देखि १२:०० बजेसम्म आन्तरिक राजस्व विभागको सभाहलमा सञ्चालन हुनेछ । सो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: रू.२५,०००।०० (अक्षेरूपी पच्चीस हजार रूपैयां), रू.२०,०००।०० (अक्षेरूपी बीस हजार रूपैयां) र रू.१५,०००।०० (अक्षेरूपी पन्ध्र हजार रूपैयां) नगद पुरस्कार र प्रशंसा पत्र प्रदान गरिने छ । यही मंसिर १ गते आयोजना हुने राष्ट्रिय कर दिवसको मूल समारोहको कार्यक्रममा उक्त पुरस्कार र प्रशंसा पत्र प्रदान गरिने छ । उक्त प्रतियोगितामा उपत्यका भित्रका उच्च माध्यमिक विद्यालयबाट १ जना छात्रा र १ जना छात्र गरी बढीमा २ जना सम्म छनौट गरी मिति २०७५।०७।२५ भित्र विभागमा आइपुग्ने गरी विद्यार्थीको नामावली पठाईदिनु हुन सम्बन्धित उच्च मा.वि.लाई अनुरोध गरिन्छ । उक्त प्रतियोगितामा भाग लिन आउंदा विद्यार्थी परिचय पत्र साथमा लिई आउनुपर्ने छ ।

यो सूचना विभागको वेबसाइट **www.ird.gov.np** मा पनि हेर्न सकिने छ ।
थप जानकारीका लागि मोबाइल नम्बर ९८४१९०२४५१ वा ९८४१२३७६०३ मा सम्पर्क गर्न सकिने छ ।